# इकोनेपाल इनर्जी इण्डष्ट्रिज (प्रा.) लि.को प्रेस विज्ञप्ति

नेपाल कम बिकसित मुलुकहरुको पंक्तिबाट ई.सन २०२६ देखि बिकासशील मुलुकमा प्रवेस गर्ने निश्चय भै सकेको स्थितिमा छ । यो घडिमा हामीले मूलरुपमा अर्थतन्त्रलाई चलायमान र त्यसमा नयाँ आयामहरु थप गरि बिकासशील पंक्तिमा सम्मानजनक स्थान प्राप्त गर्न प्रयत्न गर्नु पर्दछ । यस निम्ति आयात प्रतिस्थापन र निर्यात बृध्दि गर्ने औद्योगिक परियोजनाहरुको बिकासमा केन्द्रित हुनु पर्दछ । नेपालमा जलश्रोत, कृषि, उद्योग, पर्यटन, सेवा र सूचना प्रबिधि जस्ता क्षेत्रहरुको बिकास र बिस्तार अपरिहार्य छ । यी क्षेत्रहरुमा सहभागी हुने अवसरहरु पर्याप्त छन् । जनसंख्या बृध्दिका अवसर र चुनौतीको व्यवस्थापन आर्थिक बिकास बिना सम्भव हुँदैन । यस निम्ति देशले मानव बिकास र आर्थिक बिकासको क्षेत्रमा अरु धेरै उपलब्धी हासिल गर्नु पर्ने बाध्यता छ । हामीले स्थानीय कच्चा पदार्थहरुमा आधारित औद्योगिक बिकासको सम्भावनालाई पनि अन्वेषण र कार्यान्वयन गर्नु पर्छ।

नेपालले आफुलाई जलश्रोतको धनी भनेर अभियान चलाउन थालेको पनि ५ दशक भैसक्यो । तर पनि बिद्युतको घरेलु खपत र उद्योगहरुलाई बितरण गर्ने कुराका बिचमा बाधा र चुनौतीरहित बजार बन्न सकेको छैन । जलश्रोतको बिकासबाट राष्ट्रिय अर्थतन्त्रमा ठूलो योगदान पुऱ्याउने हाम्रो अपेक्षाका प्रचुर सम्भावनाको बाबजुद पनि बाधा र चुनौतीरहित बजार बन्न सकेको छैन । हामीले अनुरोध गर्न खोजेको कुरा-"बर्गीकृत आधारमा उद्योगहरुको बिकास गर्न आवश्यक बित्तीय व्यवस्थापनमा सरकार, निजि क्षेत्र, घरेलु बैंकहरुका बिचमा समन्वय र प्रतिबध्दतागरि औद्योगिक बिकासमा टेवा पुऱ्याउने औद्योगिक नीति ल्याउनु पर्दछ" भन्ने हो । एउटै नीतिगत बास्केटले समष्टिगत उद्योगहरुका समस्यालाई सम्बोधन गर्दैन । साना, मझौला र ठूला उद्योगहरुका निम्ति बेग्ला बेग्लै स्पष्ट नीति ल्याएर उद्योगहरुको स्थापनालाई प्रोत्साहित गर्दा बित्तीय व्यवस्थापन, सुपरिवेक्षण र समस्या समाधानलाई सजिलो पर्न जान्छ । यस भित्र पनि कच्चापदार्थ आयात गर्ने र स्थानीय कच्चा पदार्थमा निर्भर उत्पादन निर्यात गर्नेहरुका आ-आफ्नै बिशिष्ट समस्याहरु हुन्छन् ।

नेपालको समष्टि बिकासको परिप्रेक्ष्यमा राजनीतिक क्षेत्रले प्रजातन्त्रको पुर्नस्थापना पश्चात सबै क्षेत्रमा नीतिगत सुधार गर्न प्रारम्भ गरेको र यस बिचमा औद्योगिक नीतिको पनि पटक-पटक पुनरावलोकन गरि सुधार गर्दै आएको हो । यसका बाबजुद पनि कानूनी बातावरण (Legal Environment) भित्र प्रशासकीय प्रक्रिया, नियमावली, भंसार र बिभिन्न कर, शुल्कहरु, छुट ब्यवस्था अपेक्षित स्तरमा उद्योग मैत्री हुन नसक्दा उद्योगहरु समस्याग्रस्त छन् । यस्तो परिदृष्य (Scenario) भित्र हामीले इकोनेपाल इनर्जी इण्डष्ट्रिज स्थापना र सञ्चालन गर्ने जमर्को गरेका छौं ।

यद्यपी हामीसँग यस्तै प्रकारको उद्योग स्थापना र सञ्चालन गरेको अनुभव छ तापनि हाम्रा ब्यवहारिक समस्याहरु बारे नेपाल सरकारलाई अवगत गराउँदै आएका पनि छौं । यस अवसरमा हामीले इकोनेपाल इनर्जी इण्डष्ट्रिज प्रा. लि. जस्तो उद्योगका निम्ति आइ परेका समस्याहरुको समाधानबारे उल्लेख गर्न चाहन्छु जसका बारेमा हामीहरुले कुरा उठाउंदै आएका पनि छौं ।

१. आयातित बस्तुहरुसँग हाम्रा उत्पादनहरुलाई सक्षम प्रतिस्पर्धी बनाउन सरकारले प्रतिस्पर्धात्मक क्षमता मैत्री नीति बनाउनु पर्दछ । समान र उस्तै बस्तुहरुको आयातमा शुल्क लाग्न सकेको छैन । पेट्रोलियम पदार्थ सरह आयातित फर्नेस आयलमा प्रदुषण शुल्क लाग्नु पर्दछ ।

२. बातावरण मैत्री उद्योगहरुलाई प्रोत्साहन (Incentive) दिइनु पर्दछ ।

३. रुग्ण उद्योगको स्पष्ट परिभाषा र तदनुसार उध्दारका उपायको ब्यवस्थाको गरिनु पर्दछ ।

४. स्वदेश भित्र छरिएर रहेको अनौपचारिक क्षेत्रबाट संकलित कच्चा पदार्थहहरुको उपयोग गरेर उद्योग सञ्चालन गर्न आवश्यक नियम, कानून, सुबिधा र प्रक्रियामा स्थलगत अध्ययनको आधारमा समस्या सुल्झने गरी सुधार गरिनु पर्दछ ।

५. आफ्नो देश भित्र बिद्यमान कच्चा पदार्थहरुको गैर कानूनी निर्यातमा रोक र दण्डात्मक ब्यवस्थाको अभाव हटाउनु पर्दछ ।

६. असंगठित र अनौपचारिक क्षेत्रबाट टायर, ट्युब, प्लास्टिक, र रबर टुक्राहरु खरिद गर्दा भ्याट बिल प्राप्त नहुने स्थितिमा उद्योग उपर भ्याट लाग्दा उद्योगले फिर्ता नपाउने स्थिति रहेको छ ।

## कम्पनीको संक्षिप्त परिचयः

इकोनेपाल इनर्जी इण्डष्ट्रिज प्रा. लि.को स्थापना हाम्रो यस क्षेत्रको पूर्ब अनुभबाट प्रेरित छ। राष्ट्रको आर्थिक बिकासमा निजि क्षेत्रको भूमिकाको अपरिहार्यतालाई आत्मसात गरि हामीले इकोनेपाल इण्डष्ट्रिज प्रा. लि. स्थापना गरेर औद्योगिक उर्जा उत्पादन गर्ने अठोट गरेका हौं । रुपन्देहिको रोहिणि गाउँपालिका वार्ड नं १ स्थित बिशेष आर्थिक क्षेत्र (SEZ) भित्र यसको स्थापना गर्ने अठोट अनुरूप आज उद्योगबाट ब्यवसायिक उत्पादन शुभारम्भ गरिएको छ । प्रमुखरूपमा यो उद्योग स्थानीय कच्चा पदार्थमा आधारित छ । यसले फोहर र खेर गैरहेका रबरजन्य बस्तुहरु संकलन गरि तिनीबाट फर्नेस आयल भनेर जानिने औद्योगिक तेल (Industrial Oil) उत्पादन गर्दछ, जसलाई हामीले पाइरोलाइसिस आयल Tyre Pyrolysis Oil (TPO) पनि भन्छौं । यो तेल खासगरी सडक निर्माण, बिस्कुट उद्योग, सिमेन्ट कारखाना, स्टील कारखाना, बोइलरहरु, सेरामिक उद्योग, ईट्टा कारखाना, हट वाटर जेनरेटर , हट एअर जेनरेटर आदिमा उपयोग हुन्छ । उद्योग परिसर ११,५६९.५ स्क्वायर मिटर क्षेत्रफलमा अवस्थित छ । यसमा प्रति दिन १० हजार लिटर पायोरालाइसिस आयल (Tyre Pyrolysis Oil) उत्पादन क्षमताका २ वटा प्लाण्ट जडान गरिएका छन । यसबाट निस्कने बाइ प्रोडक्टहरु Black Cat Brand को ब्ल्याक कार्बन (Black Carbon) र स्टील तारहरु (Burned Steel Scrap) समेत अन्य उद्योगहरुको कच्चा पदार्थका रूपमा उपयोग हुन्छन । बाइ प्रोडक्ट्स (By Product) कालो पाउडर र स्टील तारहरु (Steel Wires) समेत अन्य उद्योगहरुको कच्चा पदार्थका रूपमा उपयोग हुन्छन् । उद्योगले ५० जनालाई प्रत्यक्ष र लगभग २०० जनालाई अप्रत्यक्ष रोजगारी दिंदै आएको छ । भबिष्यमा छिट्टै क्षमता बिस्तार गर्ने हाम्रो लक्ष्य रहेको छ ।

## उद्योगका खास बिशेषताहरु

- यो बिशेष किसिमको उद्योग हो जसले काम नलाग्ने फालिएका, फोहर बढाउने, वातावरण प्रदुषित गर्ने गाडिका टायर ट्युब जस्ता रबरजन्य फोहर पदार्थलाई रिसाइकिलिङ्ग प्रक्रियाबाट (Recycling) औद्योगिक उर्जा टायर पाइरोलाइसिस आयल (TPO) उत्पादन गर्छ र यसले देशको आर्थिक बिकासमा सहयोग पुर्‍याउँछ ।
- प्रदुषणका कारक फोहरलाई कच्चा पदार्थको रुपमा उत्पादन प्रक्रिया (Pyrolysis Process) मा पूर्णरूपले नष्ट भै केहि बाँकि रहँदैन । बिचमा केहि निस्कन्छ भने स्टील तार र ब्ल्याक कार्बन हुन, यी दुबैले पुनः अन्य उद्योगहरुका निम्ति कच्च्चा पदार्थ तथा बैकल्पिक उर्जाको काम गर्छन ।
- यस उद्योगबाट उत्पादन हुने तेलका आर्थिक लाभ पनि धेरै छन, जसलाई हामीले समष्टिगतरूपमा फर्नेस आयलको तुलनामा ५% देखि १५% सम्म बचत गर्छ भनेर बुझ्छौं । यसको औद्योगिक उपयोगको प्रक्रियामा नै उर्जाको बचत हुन्छ किन कि यस्लाइ प्रिहिटिङ्ग (Preheating) गर्न पर्दैन ।

- उद्योगबाट उत्पादन हुने तेल साना, ठूला उद्योगहरु, रोड कन्सट्रक्सन आदिमा प्रयोग हुन्छ । यसको गुणस्तर बजारमा प्रचलित फर्नेस आयल र हल्का डिजल (Light Diesel Oil) भन्दा कम छैन । आर्थिक बचतको हिसाबले पनि यो अझ प्रभावकारी छ ।

## आधुनिक ट्रीटमेण्ट प्रणाली जडान

उत्पादनको दौरानमा उद्योगले उत्सर्जन गरेको फोहर मिश्रित कणहरुलाई पानीबाट अलग गरी उक्त पानीलाई पुनः प्रयोग गर्ने Effluent Treatment Plant (ETP System) प्रणाली यस प्लाण्टमा जडान गरिएकोले यो उद्योगबाट कुनै प्रदुषित पानी वा फोहरहरु उत्सर्जन नहुने भएकोले पनि वातावरणीय दृष्टिकोंणले यो उद्योग प्रभावकारी छ ।

## प्रभावकारी सुरक्षाको लागी PLC Based Panel प्रणाली जडान

उद्योगले उत्पादनको दौरानमा मानवीय कमजोरी या हेलचेक्र्याइ या बिद्युत सर्ट सर्किटबाट प्लाण्टमा अत्यधिक ताप प्रसार भई हुन सक्ने बिष्फोट या आगलागी जस्ता खतराबाट बच्न यसमा PLC Based Panel जडान गरिएको छ । यसबाट सम्भावित खतरामा अटोमेटिक अर्लाम र हुटर बजेर अप्रेटर र सम्बन्धित कर्मचारीहरुलाई अलर्ट गर्ने आधुनिक प्रबिधि जडान गरिएको छ । यस्तो अर्लाम मोबाइलमा समेत बज्ने प्रणालीको ब्यवस्थाले उद्योगको सुरक्षा ब्यवस्था अझै प्रभावकारी हुने हामीले आशा गरेका छौं ।

यहाँहरुले कम्पनीको वेबसाईट www.econepalenergy.com.np लग अन गरी थप जानकारी हासिल गर्न सक्नु हुनेछ भने econepal2023@gmail.com मा आफ्ना सुझावहरु प्रेषित गर्न सक्नु हुनेछ । अन्त्यमा यहाँहरुको साथ, सहयोग र शुभेच्छाको अपेक्षा राखेका छौं ।


अजय मान श्रेष्ठ
अध्यक्ष
**इकोनेपाल इनर्जी इण्डष्ट्रिज (प्रा.) लि.**
सेज भैरहवा, रोहिणि-१, रुपन्देहि ।